देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व.)
गण्डकी प्रदेश, नेपाल
२०७३

०७८-५७५०१०
फ्याक्सः ०७८५७५३९३
इमेलः devchulimunicipality@gmail.com

प.सं. : ०८२/०८३
च.नं. :

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय (ब.सु.पू.) प्रगतिनगर, नवलपरासी गण्डकी प्रदेश, नेपाल

मितिः२०८३/०१/०४

विषय- प्रतिवेदन सार्वजनिक गरिएको सम्बन्धी सूचना।

प्रस्तुत विषयमा देवचुली नगरपालिका नगर शिक्षा समितिको मिति २०८२/१२/१७ गतेको निर्णयानुसार गठित छानबिन समितिले नगर शिक्षा समितिलाई बुझाएको प्रतिवेदन यसै पत्र साथ संलग्न गरी सार्वजनिक गरिएको छ।

२०८३/०१/०४
..............................
अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# छानविन समिति-२०८२

# प्रतिवेदन

देवचुली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (ब.सु.पू.)

Scanned with CamScanner

# प्रारम्भिक

जहानियाँ राणा शासनको अन्तसँगै नेपालमा प्रजातान्त्रिक व्यवस्थाका सुरुवात भएपनि वि.सं. २०१७ सालमा राजा महेन्द्रले पञ्चायती व्यवस्थाको घोषणा गरी प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरेपछि नेपालमा पुनः एकदलीय शासन व्यवस्थाको प्रारम्भ गरियो । त्यसका विरूद्धमा राजनीतिक दल र सामाजिक संस्थाहरूले प्रारम्भ गरेको स्वतन्त्रताको आन्दोलनले २०४६ सालमा मूर्तरूप लिएको थियो । वि.सं. २०४७ सालको फागुन ७ गतेबाट प्रारम्भ भएको जनआन्दोलनले सोही बर्षको चैत्र २६ गते प्रजातन्त्रको बहाली भएपश्चात नेपालका सम्पूर्ण निकायमा परिवर्तनको आभास हुने अपेक्षा गरिएको थियो । प्रजातान्त्रिक व्यवस्थाको पुनस्थापना भएपनि शक्तिको निक्षेपिकरण हुन नसकिरहेको अवस्था रहेको हुँदा वि.सं. २०५२ साल फागुन १ देखी सञ्चालित शसस्त्र विद्रोह र वि.सं. २०६२/६३ को जनआन्दोलको परिणाम स्वरूप स्थापित लोकतान्त्रिक गणतन्त्र पश्चात संविधान सभाको चुनावद्वारा निर्माण गरिएको नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अवलम्बन गर्दै तीन तहका सरकारको (संघ, प्रदेश र स्थानीय तह) व्यवस्था गरिएको छ ।

तीन तहमा रहेका सरकारकी कामका बारेमा समेत संविधानको अनुसूचिमा अलग-अलग क्षेत्राधिकारको व्यवस्था गरी स्थानीय तहमा रहेका सरकारहरूले आफ्नो क्षेत्राधिकारभित्र रहेका संस्था र निकायहरूलाई व्यवस्थित गर्न कानून निर्माण गर्न सक्ने व्यवस्था संविधानको अनुसूचि-८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको छ । यसै सन्दर्भमा स्थानीय सरकारहरूले आफ्ना मातहतमा रहेका विद्यालयहरूको सञ्चालन, रेखदेख, अनुगमन, मुल्याँकन र तिनीहरूको संस्थागत विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्नेसम्मको अधिकार संविधान र माथि उल्लिखित कानूनले दिएको छ । सोही अनुसार देवचुली नगरपालिकाले पनि आफ्नो मातहत र क्षेत्राधिकारभित्रका शैक्षिक संस्थाहरूको व्यवस्थापन र सञ्चालन गर्नका लागि नेपालको संविधान, २०७२ को धारा २२६ बमोजिम नगर शिक्षा ऐन २०७६ बनाई लागू समेत गरिएको छ ।



Scanned with CamScanner

स्थानीय सरकारलाई प्राप्त संवैधानिक अधिकार अन्तरगत रही आधारभूत तहको परीक्षा सञ्चालनको सम्पूर्ण अधिकार रहेकोमा आफ्नो कार्यविधी र कार्य प्रकृया निर्माण गरी आधारभूत तहको कक्षा ८ र कक्षा ५ का परीक्षाहरू सम्बन्धित पालिकाहरूले नियमित रूपमा सञ्चालन गर्दै आईरहेको पाईन्छ । यसै सन्दर्भमा यही चैत्र ८ गतेदेखी सञ्चालनमा रहेको कक्षा ८ र कक्षा ५ को परीक्षा सञ्चालन भई रहेको अवस्थामा प्रश्नपत्र बाहिरिएको घटनाका सन्दर्भमा देवचुली नगर शिक्षा समितिको मिति २०८२।१२।१७ को निर्णय अनुसार गठन गरिएको छानबिन समितिले प्रचलित कानूनको अधिनमा रही नैतिकताको कसीमा निष्पक्ष ढङ्गले छानवीन गरी यो प्रतिवेदन तयार गरेको छ ।

यो प्रतिवेदनको तयारीका क्रममा उपलब्ध भिडियो फुटेज, घटनासँग सम्वन्धित सामाग्रीहरू, सम्बन्धित सरोकारवालाहरू लगाएत विभिन्न संघसंस्था, देवचुली नगरपालिका शिक्षा शाखा, प्रमुख प्रशासकीय अधिकृत, नगरप्रमुख, उपप्रमुख लगाएत कार्यपालिकाका सदस्यहरू, नगर शिक्षा समिति, मिडियाकर्मी लगाएत शिक्षासँग सम्बन्धित प्रवुद्ध व्यक्तित्वहरू समेतले पुर्याउनु भएको सहयोग र सुझाव प्रति हामी आभारी छौ । छोटो समयमा गठन भई आफ्नो कार्य सम्पन्न गर्न चुनौती भएपनि हामीले आफ्नो क्षमताले भ्याएसम्मका कार्यविधी र प्रकृया अवलम्बन गरी तोकिएको समयमा नै कार्य सम्पन्न गरी यो प्रतिवेदन नगर शिक्षा समितिलाई बुझाउन प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण व्यक्तित्वहरू प्रति हार्दिक धन्यवाद समेत ज्ञापन गर्दछौ ।

संयोजक:
अधिवक्ता उपेन्द्र खनाल

सदस्य
दीपक खनाल

कमल लामा

# विषय सूची


प्रारम्भिक ..... i

विषय सूची ..... iii

परिच्छेद-१ ..... 1

परिचय ..... 1

१.१. समिति गठनको पृष्ठभूमिः- ..... 1

१.२. समितिको काम, कर्तव्य, अधिकार र क्षेत्राधिकारः- ..... 1

१.३. समितिको संरचना ..... 2

१.४. समितिको समयावधि ..... 2

१.५. समितिको कार्यविधिः ..... 2

परिच्छेद-२ ..... 3

तथ्याङ्क संकलन ..... 3

२.१. तथ्याँक संकलनमा प्रयोग गरिएका विधिहरूः ..... 3

२.१.१. स्थलगत अवलोकन र निरिक्षणः ..... 3

२.१.२. प्रश्नोत्तर बयान सोधपुछ छलफलः ..... 3

२.२. संकलित प्रमाणहरूको मुल्याङ्कनः ..... 13

२.३. छानवीन समितिका सिमाहरूः ..... 14

परिच्छेद-३ ..... 15

कानुनी व्यवस्था ..... 15

३.१. विधमान कानूनी व्यवस्थाहरूः ..... 15




Scanned with CamScanner

३.१.१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ....15
३.१.१. नगर शिक्षा ऐन, २०७६ ....15
३.१.२. आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धि मापदण्ड, २०७६:- ....16
३.१.३. शिक्षा ऐन, २०२८ ....17
परिच्छेद-४ ....18
निष्कर्ष र सुझाव ....18
४.१. निष्कर्ष:- ....18
४.१.१. नगर शिक्षा समितिलाई राय सहितको सुझाव: ....23
४.१.२. नगर शिक्षा शाखालाई राय सहितको सुझाव ....23
४.१.३. नगर कार्यपालिकालाई राय सहितको सुझाव ....23
परिच्छेद-५ ....25
सुझाव कार्यान्वयनका लागि कार्ययोजना ....25
अनुसूचि १ ....26
अनुसूचि २ ....29



Scanned with CamScanner

# परिच्छेद-१

# परिचय

## १.१. समिति गठनको पृष्ठभूमिः-

देवचुली नगरपालिका नगरकार्यपालिकाको कार्यालयद्वारा नेपाल राष्ट्र निर्माणका लागि सदाचार, शिष्टाचार, नैतिकता र अनुशासन जस्ता गुण सहितको दक्ष र व्यवसायिक जनशक्ती तयार गर्न गुणस्तरीय शिक्षाको विकास गर्न बान्छनीय भएकोले गरिएको नेपालको संविधान २०७२ को दफा २२६ को अधिकार प्रयोग गरी देवचुली नगरपालिकाको पाँचौ नगरसभाले पारीत गरी लागू गरेको नगर शिक्षा ऐन २०७६ को दफा २४(१) बमोजिम गठित नगर शिक्षा समितिको मिति २०८२।१२।१७ मा बसेको बैठकबाट भीमसेन आदर्श माध्यामिक विद्यालयमा कक्षा ८ को विज्ञान विषयको र नेपाल राष्ट्रिय  माध्यामिक विद्यालय केउरेनीमा कक्षा ८ को स्थानीय पाठ्यक्रम अन्तरगतको प्रश्नपत्र बाहिरिएको भन्ने सूचनाका आधारमा परीक्षामा तयार गरिने प्रश्नपत्र र सोसँग सम्बन्धित कार्यविधी अवलम्बनका सन्दर्भमा अपनाउनुपर्ने गोपनियताको को कसले के कसरी उल्लङ्घन गरेको हो सो सम्बन्धमा सहि तथ्य विश्लेषण गरी प्रतिवेदन पेश गर्नका लागि नगर शिक्षा ऐन २०७६ को दफा २५ को अधिकार प्रयोग गरी ३ सदस्यीय छानवीन समितिको गठन गरिएको थियो ।

## १.२. समितिको काम, कर्तव्य, अधिकार र क्षेत्राधिकारः-

देवचुली नगरपालिकाको क्षेत्रभित्रका आधारभूत तहको पालिका स्तरीय परीक्षा सञ्चालन गरिने कक्षा ८ को विज्ञान परीक्षाको सन्दर्भमा श्री भीमसेन आदर्श माध्यामिक विद्यालय र स्थानीय पाठ्यक्रम अन्तरगतको नेपाल राष्ट्रिय  माध्यामिक विद्यालयबाट प्रश्नपत्र बाहिरिएको सन्दर्भमा आएका सूचनाहरूको तथ्यपरक विश्लेषण गरी सत्यतथ्य पत्ता लगाई आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्ने गरी समितिको गठन गरिएको थियो ।



Scanned with CamScanner

## १.३. समितिको संरचना

नगर शिक्षा ऐन २०७६ अन्तरगतको नगर शिक्षा समितिको बैठकबाट गठन गरिएको समितिमा निम्न बमोजिमका सदस्यहरू रहेका छनः

क) अधिवक्ता भूपेन्द्र खनाल — संयोजक (उपाध्यक्ष नेपाल बार एशोसियन)

ख) दिपक खनाल - सदस्य (प्रतिनिधि जिल्ला प्रशासन कार्यालय, नवलपरासी व.सु.पू.)

ग) कृष्ण तामाङ- सदस्य (सूचना प्रविधि अधिकृत, हुप्सेकोट गाउँपालिका)

## १.४. समितिको समयावधि

नगर शिक्षा समितिको मिति २०८२।१२।१७ को बैठकद्वारा गठन गरिएको यस समितिलाई पत्र प्राप्त भएको मितिले ७२ घण्टाभित्र कार्य सम्पन्न गरी प्रतिवेदन बुझाउने गरी समय प्रदान गरिएको थियो । सोही अनुसार यस समितिका सदस्यहरूले उक्त पत्र मिति २०८२।१२।१८ का दिन प्राप्त गरेको हुँदा सो मितिले तोकिएको म्यादै भित्र सम्पूर्ण प्रक्रिया पूरा गरी समयमा नै प्रतिवेदन नगर शिक्षा समितिलाई बुझाईएको छ ।

## १.५. समितिको कार्यविधिः

नगर शिक्षा समितिको बैठकबाट भएको निर्णय अनुसार तोकिएको कार्यदिश अनुसारको कार्य सम्पन्न गर्नका लागि यस समितिलाई सम्पूर्ण अधिकार प्रत्यायोजन गरिएको हुँदा बैठक बसी कार्यविधी निर्माण गरी कार्य प्रारम्भ गरिएको थियो । यसरी कार्य गर्नका लागि कानूनी प्रावधानहरूको संकलन र विश्लेषणका लागि संयोजक, तथ्यसँग सम्बन्धित प्रश्न तयारीका लागि सदस्य दिपक खनाल र मिडिया तथा प्रविधीसँग सम्बन्धित सूचना संकलनका लागि सदस्य कृष्ण तामाङ्गले गर्ने गरी कार्य विभाजन गरी कार्य प्रारम्भ गरिएको थियो ।



Scanned with CamScanner

# परिच्छेद-२

# तथ्याङ्क संकलन

## २.१. तथ्याँक संकलनमा प्रयोग गरिएका विधिहरूः

समितिलाई तोकिएको कार्यदिश अनुसार कार्य सम्पादन गर्न प्राप्त सूचनाहरूको सुक्ष्म विश्लेषण गरी संकलित प्रमाणहरूको विवेचनात्मक अध्ययन गरी सम्बन्धित सरोकारवाला व्यक्तिहरूसँग एकल र सामुहिक रूपमा भेटघाट, छलफल, प्रश्नोत्तरका लागि समितिका संयोजकको नेतृत्वमा सम्बन्धित विद्यालय, विद्यालयका प्रधानाध्यापक, शिक्षकहरू समक्ष प्रत्यक्ष छलफल गरी प्राकृतिक न्यायको सिद्धान्त बमोजिम प्राप्त प्रमाण कागजातहरूको पुनर्पुष्टि गर्ने कार्य गरिएको थियो ।हामीले प्रतिवेदन तयार पार्नका लागि संकलित प्रमाणहरूलाई आधार बनाई प्रयोग गरिएका विधिहरू देहाय बमोजिम रहेका छनः-

### २.१.१. स्थलगत अवलोकन र निरिक्षणः

छानविनका लागि गठित समितिका संयोजक सहितको टोलीले श्री भीमसेन आदर्श माध्यामिक विद्यालय र नेपाल माध्यामिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारी समेतलाई सम्बन्धित स्थानमा नै गई प्रत्यक्ष सोधपुछ गरिएको थियो । मिडियामा आएका सूचनाहरूलाई समेत देखाई ती तथ्यहरूको बारेमा सत्यतथ्य बताउन अनुरोध समेत गरेका थियौ । अनुसन्धान तथा यस्ता विषयमा जाँचबुझका लागि प्राथमिक तथ्याङ्क संकलन र संकलित प्रमाणहरूको महत्वपूर्ण भूमिका रहने हुँदा अवलोकन, निरिक्षण र प्रत्यक्ष भेटघाटलाई नै अवलम्बन गरिएको थियो ।

### २.१.२. प्रश्नोत्तर बयान सोधपुछ छलफलः

छानविन समितिलाई दिईएको कार्यदिश अनुसार प्राप्त तथ्याङ्क, सामाजिक सञ्जाल र विभिन्न मिडियामा आएका घटनासँग सम्बन्धित सूचनाहरूका आधारमा संकलित तथ्य सहितका प्रमाणहरू देखाई सुनाई सम्बन्धित व्यक्तिहरू समेतसँग बयान र



Scanned with CamScanner

सोधपुछ गरिएको थियो । यसरी सोधपुछ गर्ने क्रममा प्रश्नपत्र वाहिरिएको घटनामा प्रत्यक्ष संलग्न रहेका व्यक्तिहरूसँगको बयानका आधारमा बालमनोविज्ञान र बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर गरी प्रश्नपत्रका बारेमा थाहा पाउने विद्यार्थीहरूसमक्ष प्रत्यक्ष भेटघाट गरी थप सत्यतथ्य पत्ता लगाउन आवश्यक नभएको महशुस गरी विद्यार्थीहरूलाई भने हामीले भेटघाट गरेनौ ।देवचुली नगरपालिकाको शिक्षा शाखामा प्राप्त लिखित पत्रका आधारमा समेत सम्बन्धित व्यक्तिहरूसमक्ष भौतिक रूपमा नै उपस्थित भई सोधपुछ गरिएको थियो । यसरी संकलित प्रमाण र प्रश्नपत्र वाहिरिएको घटनाको सम्बन्धमा देहायका व्यक्तिहरूलाई भेटघाट र छलफल गरिएको थियो ।

२.१.२.१ **<u>अग्नि भुसाल, प्रधानाध्यापक, श्री भीमसेन आदर्श माध्यामिक विद्यालयः</u>**

देवचुली नगरपालिका अन्तरगतका आधारभूत तहका विद्यालयहरूको कक्षा ८ र कक्षा ५ को परीक्षा २०८२ चैत्र ८ गतेदेखी सञ्चालन गर्ने नगर शिक्षा समितिको निर्णय रहेको थियो । सो सम्बन्धमा म प्रधानाध्यापक रहेको विद्यालयमा पनि परीक्षा केन्द्र परेको थियो । परीक्षा केन्द्र रहेको विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको भने सोही केन्द्रमा परीक्षामा समावेश नगराउने नीति अनुसार हाम्रो विद्यालयमा पृथ्वी मा.वि. पृथ्वीनगर र कालिका मा.वि.का विद्यार्थीहरूको परीक्षा केन्द्र परेको थियो । विगत २ बर्षदेखी हाम्रो विद्यालयमा केन्द्र रहने गरेको छ । परीक्षा समितिको निर्णय अनुसार हरेक दिन परीक्षा सञ्चालन विहान ८ बजेको समयमा शुरू गर्ने र सोका लागि विद्यार्थीहरू १५ मिनेट अगाडि नै परीक्षा हलमा प्रवेश गराउने निर्णय थियो । आधारभूत तहको परीक्षा भएको हुँदा एउटा विद्यालयका विद्यार्थी अर्को विद्यालयमा जाँदा सवारी साधनका कारण कहिलेकाँही समय लाग्नु स्वभाविक नै हुने गर्छ । हाम्रो विद्यालयको कक्षा ८ मा २५० विद्यार्थी रहेका छन् । म परीक्षा केन्द्रको केन्द्राध्यक्ष रहेको अवस्थामा मलाई



Scanned with CamScanner

तालिमका लागि दमौली जानुपर्ने भयो । मैले पाएको जिम्मेवारी केन्द्राध्यक्षको अख्तियारी २०८२ चैत्र १०, ११ र १२ गतेका लागि यसै विद्यालयका शिक्षक महेन्द्र वि.क. लाई औपचारिक रुपमा दिई म तालिमका लागि दमौली गएको थिएँ । विज्ञान विषयको कक्षा ८ को परीक्षा रहेको चैत्र १० गतेका दिन म परीक्षा केन्द्रमा थिईन । नगर स्तरीय परीक्षा समितिको निर्णय अनुसार परीक्षाको दिन विहान ७ बजेपछि परिक्षाका केन्द्राध्यक्षले प्रश्नपत्र लिई परीक्षा केन्द्रमा जाने र परीक्षा शुरू हुनु पन्ध्र मिनेट अगाडि अन्य विद्यालयका शिक्षकलाई रोहवरमा राखी मुचुल्का बनाई प्रश्नपत्र खोल्ने निर्देशन रहेको थियो । सो दिन यसै विद्यालयका शिक्षक जसलाई मैले केन्द्राध्यक्षक्षको अख्तियारी दिएको थिएँ वहाँले प्रश्न पत्र लिई आई प्रश्नपत्र खोले पछि यस विद्यालयमा परीक्षाका लागि आएका विद्यार्थीहरू परीक्षा हलमा प्रवेश गरिसकेपछि विद्यालयको कोठामा गई विज्ञान विषयको प्रश्नपत्र आफ्नो मोवाईलमा खिची सो फोटो यसै विद्यालयका विज्ञान शिक्षक प्रदिप कुमार राईलाई पठाउनु भएको रहेछ । यस विद्यालयमा विद्यार्थीको संख्या धेरै भएको हुँदा कक्षा ५ र कक्षा ८ का केही विद्यार्थीलाई परीक्षा केन्द्रमा छाडी बाँकी रहेका विद्यार्थीलाई सवारी साधन लिन आउन ढिला भएको हुँदा उक्त दिन करिब १५० विद्यार्थी विद्यालयमा रहेको अवस्थामा त्यहाँ रहेका विषयगत माथि उल्लखित शिक्षकले प्रश्नपत्र प्राप्त गरि सिकाएको भन्ने कुरा मैले दिउँसो करिब ११ बजेतिर बल्ल जानकारी पाएको थिएँ । उक्त समयमा पृथ्वी मा.वि. का शिक्षकहरू विद्यार्थी लिई हाम्रो विद्यालमा आउनु भएको र परीक्षाको समय भई घण्टी समेत लागि विद्यार्थी भित्र पठाउन लाग्दा हाम्रो विद्यालयका विद्यार्थीलाई विषयगत शिक्षकहरूले पढाई रहेको सिकाई रहेको देखी पछि उजूरी समेत गर्नु भएको हुँदा यो घटना

बाहिर आएको हो । यसमा म नभएको वेलामा प्रा.वि. तर्फको संयोजक समेत रहनु भएको र मैले २ दिनको लागि परीक्षा केन्द्रको प्रमुखको अख्तियारी समेत दिएको व्यक्ति महेन्द्र वि.क. सरले गर्नु भएको क्रियाकलापले दुःखी छु । उहाँले अन्य कतै लगेर प्रश्नपत्र विक्री गरेर मुनाफा लिएको जस्तो लाग्दैन । आफ्नो विद्यालयका विषयगत शिक्षकलाई फोटो खिची आफ्नै मोबाईलबाट पठाउनु भएको र विषयगत शिक्षकले विद्यार्थीलाई गाडी नआउँदा सम्म करिब ३/४ मिनेट मात्रै सो बारेमा बताउनु भएको भन्ने सुनेको हुँ । मैले सो घटनापछि सम्बन्धित निकायमा जानकारी गराउने, आफ्नो तर्फबाट स्पष्टिकरण दिने, विद्यालयका शिक्षकहरूसँग सत्यतथ्य बुझ्ने र सचेत गराउने समेतको कार्य गरेको छु । यस घटना अगाडि यस्तो व्यवहार गरिएको मलाई कहिल्यै जानकारी छैन् । परीक्षा सञ्चालनको हाम्रो परम्परागत मान्यता, स्थापित नैतिक दायित्व र विद्यमान कानून समेतको विपरित कार्य हुनपुगेको भन्ने मलाई भएको छ । जसले गर्नु भयो उहाँ विगतमा यस्ता कार्य वा अन्य कुनैपनि विद्यालय तथा परीक्षाका सवालमा गलत कार्यमा संलग्न भएको मैले पाएको छैन । पहिलो पटक यस्तो घटना भएको हुँदा आफै दुःखी छु । परीक्षा केन्द्र रहेको विद्यालयका केन्द्राध्यक्षले परीक्षा शुरू भएपछि एकप्रति प्रश्नपत्र आफूले राख्न चाही सक्छन् । परीक्षा प्रणालीको मर्म विपरित भएको हो कि भन्ने लागेको हुँदा मैले प्र.अ. को हैसियतले संलग्न सबैलाई सचेत गराएको छु ।कानून बमोजिमको दायित्व वहन गर्न तयार छु ।

२.१.२.२. <u>महेन्द्र वि.क., शिक्षक, श्री भीमसेन आदर्श माध्यामिक विद्यालयः</u>

मैले अध्यापन गर्न शुरू गरेको १२ बर्ष भयो । हाल यस विद्यालयमा प्रा.वि.तहको को-अर्डिनेटरको भूमिकामा रहेको छु । मैले अध्यापन



Scanned with CamScanner

गर्ने विषय अङ्ग्रेजी हो । मेरो विद्यालयमा आधारभूत तहको पालिक स्तरीय हुने कक्षा ८ र कक्षा ५ को परीक्षा केन्द्र रहेको थियो । परीक्षा चैत्र ८ गतेबाट शुरु भएको थियो । विज्ञान विषयको परीक्षाको दिनमा अग्निधर सर तालिममा जानुभएको हुँदा मलाई मौखिक रूपमा परीक्षा केन्द्रको जिम्मेवारी दिई जानुभएको थियो । मलाई शुरुवाती अवस्था कुनैपनि जिम्मेवारीको पत्र थमाउनु भएको थिएन । मिडियामा आए अनुसार र सि.सि.टि.भी. फुटेजमा (अनुसूचि-१) रहेको फोटो र देखिएको व्यक्ति म नै हुँ । मलाई यसै विद्यालयका विज्ञान शिक्षक प्रदिप कुमार राईले प्रश्नको फोटो खिचेर पठाउनु न भनेर सारै नै अनुरोध गर्नु भएको हुँदा पठाएको हुँ । मैले फोटो खिचेर पठाएवापत कुनै रकम लिएको छैन् । परीक्षा शुरू हुन अगावै त्यसरी खिचेर पठाउनु परीक्षाको सामान्य प्रचलन र नीतिनियम विपरित हो । मैले अन्य कुनैपनि व्यक्तिगत फाईदाका लागि उक्त कार्य गरेको हैन । सँगै पढाउने विद्यालयका शिक्षकले अनुरोध गरेको र विद्यार्थी लिन बस आउन ढिला गरेको हुँदा सोही समयमा विषगत शिक्षकले विद्यार्थीलाई सिकाई रहनु भएको हुँदा राई सरको आग्रहमा पठाएको हुँ । मैले प्रश्नपत्र लिएर परीक्षा केन्द्रमा आएपछि परीक्षा समितिले निर्धारण गरेको समयमा अन्य विद्यालयका २ जना शिक्षक राखेर मुचुल्का खडा गरिसकेको थिएँ । मुचुल्का खडा गरी प्रश्नपत्र खोलेपछि हरेक परीक्षा हलमा पठाउने संख्या अनुसारको भागवण्डा गरी पठाउनु अघि मात्रै मैले फोटो खिचेर पठाएको हुँ । सो समयसम्म हाम्रो विद्यालयका विद्यार्थीहरू परीक्षा केन्द्र रहेको पृथ्वी मा.वि.मा सवारी साधन ढिला भएको हुँदा गई सकेका थिएनन् । परीक्षाको नियम अनुसार १५ मिनेट अगाडी विद्यार्थी प्रवेशका लागि घण्टी बजाउने र विद्यार्थी प्रवेश गरिसकेपछि प्रश्नपत्र खोली गार्ड बस्ने शिक्षकहरूलाई



Scanned with CamScanner

कोठा-कोठामा पुर्याउने गरिन्छ । सो दिन हाम्रो विद्यालयका विद्यार्थीहरू सवारी साधानले दोश्रो ट्रिप लिन आउन ढिला गरेको हुँदा विद्यालयमा नै रहेकोले विषयगत शिक्षकको आग्रहमा फोटो खिचेर पठाएको हुँ । परीक्षाको समयमा पृथ्वी मा.वि. का शिक्षकले हाम्रो विद्यालयमा विद्यार्थी लिई आउँदा विषयगत शिक्षकहरूले पढाएको देखी भिडियो बनाउनु भएको रहेछ । सोही आधारमा उजूरी गर्नु भएको हो जस्तो लाग्छ । म परीक्षाका लागि फरक ब्लकमा थिएँ । मलाई विद्यार्थी गई सकेका होलान भन्ने लागेको थियो । तर सरहरूले त्यही पढाउँदै गर्नुभएको कुरा पछि भिडियो हेरेपछि मात्रै एकिन भयो । परीक्षाको केन्द्र रहेको मैले समेत अध्यापन गराउने विद्यालयमा परीक्षा सञ्चालनको लागि केन्द्राध्यक्षको जिम्मेवारीमा रहेका बेला माथि उल्लिखित कार्य गर्नु गल्ती भएको छ । मेरो नियत खराब नभएपनि परीक्षा सम्बन्धि नियम, प्रचलित कानून र मापदण्ड तथा शिक्षकको सामान्य आचार संहिता विपरित हुने गरी मैले कार्य गरेको महशुस भएको छ । मैले विगतमा कहिल्यै परीक्षाको मर्म विपरित हुने गरी कुनैपनि कार्य नगरेको र भविष्यमा पनि नगर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु । आफ्नो गल्ती प्रति प्रायश्चित गर्दछु । माथि उल्लिखित कार्य प्र.अ. अग्निधर भुसाल सरलाई सोधेर गरेको हैन तर मैले गरेको कार्यका सम्बन्धमा प्रश्न उठिसकेपछि भने मैले जानकारी गराएको हुँ । यहि विषयमा आफ्नो स्पष्टिकरण देवचुली नगरपालिकाको शिक्षा शाखामा समेत बुझाई सकेको छु ।

२.१.२.३. <u>प्रदिप कुमार राई, अनिल पराजुली र दिपक भट्टराई, श्री भीमसेन आदर्श माध्यामिक विद्यालयः</u> हामी यस विद्यालयका विज्ञान विषयमा अध्यापन गराउने शिक्षकहरू हौ । हामीले माध्यामिक तहमा नीजि श्रोतबाट तलब पाउने गरी अध्यापन गराउँदै आएका छौ । हाम्रो



Scanned with CamScanner

विद्यालयको आन्तरिक नियम अनुसार हरेक परीक्षाका दिन विषयगत शिक्षकले विहान परीक्षा हलमा प्रवेश गर्नु अगाडि विद्यार्थीलाई आवश्यक कुराहरू सामुहिक रूपमा पढाउने र सिकाउने गर्दछौ । चैत्र १२ गतेका दिन विज्ञान विषयको परीक्षा थियो । हामी तिनैजना विषयगत शिक्षक भएको र हाम्रो विद्यालयमा २५० विद्यार्थी कक्षा ८ मा अध्ययनरत रहेकोले हाम्रो विद्यालयका विद्यार्थीको परीक्षा केन्द्र पृथ्वी मा.वि. मा रहेको हुँदा सो विद्यालयमा कक्षा ५ को समेत परीक्षा रहेकोले सवारी साधन २ वटा भएकोले केही विद्यार्थी लिई गाडी गएको र आउन ढिला गरेको हुँदा हामीले विद्यार्थीलाई परीक्षा हुने भवन भन्दा बाहिरको भवनमा एकत्रित गरी पढाएर नै बसेका थियौ । करिब विहानको ७ बजेर ४५ मिनेट गई सकेको र गाडी आउन ढिला भएको हुँदा हाम्रो विद्यालयमा विद्यार्थी प्रवेशका लागि घण्टी बजेको र त्यसपछि प्रश्नपत्र खोलिने हुँदा म प्रदिप कुमार राईले परीक्षा केन्द्रको जिम्मा लिनु भएको महेन्द्र वि.क. सरलाई अति नै अनुरोध गरी प्रश्नपत्र खोलेको भए पठाई हाल्न अनुरोध गरेको हुँ । उहाँले पनि करिब ७ बजेर ५० मिनेटको समयमा प्रश्नपत्रको फोटो खिचेर पठाउनु भयो र म प्रदिप कुमार राईले नै अनिल र दिपक सरलाई पठाएको हुँ । प्रश्न पत्र पाएपनि म शौचालयमा भएकोले कुनैपनि प्रश्नको उत्तर विद्यार्थीलाई भन्न पाईन भनी दिपक भट्टराईले बताउनु भएको थियो । अनिल सुवेदीले एउटा मात्रै प्रश्न What is alloy? भन्ने प्रश्न मात्रै हेर्न पाएको थिएँ भनी बताउनु भएको थियो । ६ पेज रहेको प्रश्न पत्रमा हामीले सवै प्रश्नपत्र हेरेर विद्यार्थीलाई बताउन सक्ने समय रहेको थिएन । करिब ७ बजेर ५२ मिनेट जाँदा गाडी आएको र करिब १५० जना विद्यार्थीहरू २ वटा गाडीमा चढ्दा समय लागेको हुँदा हामी विद्यार्थीलाई लिएर पृथ्वी मा.वि. पुग्दा ८ बजेर ३ मिनेट

गएको थियो । हामीले प्रश्नपत्र पाएपनि सिकाउन खासै पाएनौ । यसरी परीक्षा अगाडि माथि उल्लिखित कार्य गर्नु हाम्रो त्रुटी नै हो । हामीले प्राप्त गरेको प्रश्नपत्र हामी बाहेक कसैलाई पनि बाँडिका र शेयर समेत गरेका थिएनौ । गल्ती गरिएको भन्ने महशुस भएको छ ।

२.१.२.४. **शिव प्रसाद देवकोटा,** प्रधानाध्यापक, **नेपाल माध्यामिक विद्यालयः** देवचुली नगरपालिकाले स्थानीय पाठ्यक्रमको रूपमा विकास गरेको विषयको परीक्षा हाम्रो देवचुली रहेको थियो । सो का लागि विगतमा पनि म लगाएत केही शिक्षकहरू जसले यो पाठ्यक्रम निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थियौ, हामीले प्रश्नपत्र तयारी गर्ने गर्थ्यौं । पालिकाले पाठ्यक्रम स्वीकृत गरेपनि किताव तयार गरि नसकेको हुँदा यस बर्षको परीक्षाका लागि परिक्षा समितिले मलाई प्रश्नको मसौदा तयारीका लागि गरेको अनुरोधलाई स्वीकार गरी मैले मसौदा तयार गरेको थिएँ । सो मसौदालाई मैले आफूले कार्यरत रहेको विद्यालयको ईमेलमा प्रिन्ट गरेर हेरी पुनः अन्तिम रूप दिन भनेर ईमेलमा पठाएको थिएँ । त्यसपछि प्रिन्ट गरेर हेरेर पुनः पहिलो मसौदामा प्रश्नहरू काँटछाँट गरी २ वटा हटाई २ वटा नयाँ थपेर मैले सो को कपि पालिकाको शिक्षा शाखामा पठाएको हुँ । हाम्रो विद्यालयको ईमेल ३ जनाको कम्प्युटरमा हेर्न सकिन्छ ती मध्ये एकजना लाईब्रेरियनको काम गर्ने कम्युटर चलाउन जान्ने सोनी भट्टराईले पनि वेलावखत कुनै कागजातहरू प्रिन्ट गर्नुपरेमा हेर्ने गर्नु हुन्छ । मैले एकजना सरलाई प्रिन्ट गर्नका लागि पठाएको ईमेल पछि सोनी भट्टराईले हेरेर प्रिन्ट गरेर आफ्नो भाईलाई जसले भीमसेन मा.वि.मा अध्ययन गर्ने रहेछन् दिनु भएको रहेछ । त्यो वास्तवमा मसौदा मात्रै थियो । त्यो मसौदा प्रश्नपत्र सोनीको भाईसँग रहेको र निजको साथबाट निजकै एकजना साथीले निकालेर लगेका रहेछन् ।

पछि परीक्षा दिई सकेपछि तिनै सोनिका भाईका साथीले आफूसँग भएको प्रश्नपत्र जुन सोनीका भाईसँगबाट झुक्याएर लगेका थिए सो मा भएका प्रश्नहरू अधिकाँश आएको भनी भीमसेन आदर्श मा.वि. का केही सरलाई वताएपछि उनै सरको माध्यामबाट प्रश्नपत्र वाहिरिएको भन्ने कुरा थाहा हुन आएको हो । त्यो भन्दा अगाडि नै भीमसेन आदर्श मा.वि. का शिक्षकले विज्ञान विषयको प्रश्नपत्र परीक्षा अगाडि आउट गरी विद्यार्थीलाई समेत सिकाएको कुरा आएको हुँदा हामी प्रतिको पनि सोही आधारमा हल्ला आएको हुनुपर्छ । मैले उक्त कुरा थाहा पाउँदा परीक्षा लिई सकिएको थियो । परीक्षा सकिएपनि हाम्रै विद्यालय वा भीमसेन आदर्श मा.वि. मा समेत पहिल्यै प्रश्नपत्र वाहिरिएको पो हो की भनेर खोजविन गर्दा कहिँकतै वाहिरिएको पाईन । सोनी भट्टराईले आफ्नो भाई वाहेक कसैलाई पनि दिएको थाहा जानकारी हुन आएन । सोनी भट्टराईले हाम्रो विद्यालयमा लिईने पालिका स्तरिय परीक्षा बाहेकका विषयका प्रश्न अध्ययनका लागि आफ्नो भाईलाई स्वच्छ मनसायले दिन लैजाने गर्दा गलत हल्ला बाहिर गएको हो । हाम्रो गोपनियता हामीले कायम गर्ने गरी अगाडि बढेका छौ । मेरो र सोनी भट्टराईको कुनैपनि भूमिकाले पालिकाको स्थानीय पाठ्यक्रमको प्रश्न परीक्षा अगावै वाहिरिएको भनी कसैले पनि वताउन सकेको अवस्था नरहेको हुँदा सामान्य व्यवहारिक त्रुटिको प्रक्रियालाई हामी सुधारेर अगाडि बढि सकेका छौ ।

२.१.२.५. सोनी भट्टराई न्यौपानेः लाईब्रेरियन नेपाल मा.वि. देवचुली-१, म नेपाल मा.वि. मा नीजि श्रोतमा कार्यरत कर्मचारी हुँ । हाम्रो विद्यालयको ईमेल मेरो कम्प्युटरमा समेत हेर्न मिल्ने गराईएको छ । मैले कम्प्युटर र लाईब्रेरियनको काम समेत गर्ने भएको हुँदा त्यहाँ कतिपय कागजातहरू प्रिन्ट गर्नुपर्ने हुँदा मेरो कम्प्युटरमा प्रिन्टर समेत

रहेको हुँदा मैले सरहरूको आदेश अनुसार मात्रै ईमेल हेरेर प्रिन्ट गर्ने गर्छु । स्थानीय पाठ्यक्रमको विषयको प्रश्नपत्रको सन्दर्भमा त्यसमा देवचुली नगरपालिका केही नलेखेको हुँदा मैले सामान्य मसौदा होला यस्तो प्रश्न को रूपमा हेर्न काम लाग्ला भनेर भीमसेन आदर्श मा.वि.मा अध्ययन गर्ने मेरो भाई नाताको व्यक्तिलाई एकप्रति प्रिन्ट गरी दिएकी हुँ । उक्त विषयको परीक्षा सकिएपछि भाईको साथीले भाईलाई थाहा नदिई लगेको प्रश्न मिलेको भनी बताएपछि बल्ल मलाई त्यो प्रश्नका बारेमा हाम्रो विद्यालयका प्र.अ.ले मलाई बोलाई सोधपुछ गरेपछि बल्ल पालिका स्तरीय परीक्षाका लागि तयार गरिएको मसौदा कपि रहेछ भन्ने थाहा भयो । मैले काम गर्ने विद्यालयका र अन्य विद्यालयका कुनैपनि शिक्षक र विद्यार्थीलाई पनि उक्त प्रश्नपत्र दिएकी थिईन् । एक प्रति लगेर भाईलाई दिएकी थिएँ । मैले कुनै दुराशय लिएर बार्षिक परीक्षाको प्रश्नपत्र नै हो भनी जानीजानी लिएर गएको पनि होईन । मबाट प्रिन्ट गरेर लैजानु गल्ती भएको हो । विगतमा कहिल्यै पनि यस्तो गरेको थिईन र भविष्यमा पनि गर्ने छैन् ।

२.१.२.६. विनोद पोखरेल शिक्षक पृथ्वी मा.विः- म पृथ्वी मा.वि. मा नीजि श्रोतमा विज्ञान विषय अध्यापन गराउने शिक्षक हुँ । आधारभूत तह अन्तरगतका कक्षा ८ र कक्षा ५ को परीक्षाका लागि चैत्र १२ गतेका दिन म समेतले हाम्रो विद्यालयका विद्यार्थी लिई परीक्षा केन्द्र रहेको भीमसेन आदर्श मा.वि. गएका थियौ । परीक्षा समितिले तोकेको समय अनुसार हामी विहान ७ बजेर ३० मिनेट जाँदा पुगिसकेका थियौ । हामी पुग्दा परीक्षा केन्द्र रहेको विद्यालय भीमसेन आदर्श मा.वि. का विज्ञान विषयका शिक्षकहरूले कितावमाथि मोवाईल राखेर विद्यार्थीहरूलाई पढाई रहेको देखेको हो । हाम्रा विद्यार्थीहरू परीक्षाको हलमा जानका लागि घण्टी बजेर भित्र जाँदा समेत उक्त विद्यालयका

सरहरूले सवारी साधन विद्यालयमा रहँदारहँदै पनि परीक्षा केन्द्र रहेको हाम्रो विद्यालय पृथ्वी मा.वि.मा लैजाने सुरसार नभएको हुँदा मैले नै पढाएको र पछि विद्यार्थी गाडीमा चढ्न लागेको भिडियो खिचेको हुँ । परीक्षा हलमा १५ मिनेट अगाडि नै छिरीसक्नुपर्ने परीक्षाको नियम विपरित भएपछि म समेतले परीक्षा केन्द्रमा रहेको परीक्षा शाखामा गयौं । म समेतले अलिक चासो लिएपछि भीमसेन आदर्श मा.वि. मा त्यो दिनमा परीक्षा केन्द्रको जिम्मा लिने शिक्षकबाट नै प्रश्नपत्र खोलि आफ्ना विद्यालयको विद्यार्थीलाई विषयगत शिक्षक मार्फत केही समय सिकाउने काम गरेको प्रष्ट भएको छ । पछि म समेत विद्यार्थी छाडी आफ्नो विद्यालयमा आई सिसिटिभी हेर्दा ८ बजेर ६ मिनेटमा भीमसेन आदर्श मा.वि. का कक्षा ८ का परिक्षार्थीहरू परीक्षा हलमा प्रवेश गरेको पाईएको थियो । सोही आधारमा हेर्दा पनि भीमसेन आदर्श मा.वि.मा विज्ञान विषयका दिन परीक्षा केन्द्रको केन्द्राध्यक्षको जिम्मेवारी लिनु भएका शिक्षकले परीक्षा शुरू हुनु करिब १० मिनेट अगाडि प्रश्न पत्र आफ्ना विद्यालयका विज्ञान शिक्षकलाई पुर्याई विद्यार्थीलाई परीक्षा अगावै जानकारी गराउनु भएको हो । विद्यार्थीलाई ती प्रश्नको बारेमा थाहा जानकारी थियो थिएन त्यो त थाहा भएन तर शिक्षकले गल्ती गर्नु भएको हो ।

## २.२. संकलित प्रमाणहरूको मुल्याङ्कनः

यसरी माथि उल्लिखित आधारमा संकलन गरिएका सि.सि.टि.भि. फुटेज, विभिन्न मिडियामा राखिएका सामाग्री र घटनासँग सम्वन्धित व्यक्तिहरू तथा देवचुली नगरपालिकाका शिक्षा शाखामा प्राप्त कागजात एवं शिक्षा शाखाका प्रमुख तथा शिक्षा अधिकृत समेतलाई प्रत्यक्ष भेटगरी संकलन गरिएका सामाग्रीहरूलाई समेत तथ्याँकको रूपमा लिईएको थियो ।

## २.३. छानवीन समितिका सिमाहरू:

घटनाको सम्बन्धमा नगर शिक्षा समितिद्वारा छानविनका लागि समिति गठन गरिएपछि मिति २०८२।१२।१९ गतेदेखी समितिले आफ्नो कार्य प्रारम्भ गरेको थियो । यस क्रममा समितिका केही सीमाहरू रहेका छनः-

क) देवचुली नगर स्तरीय परीक्षा कक्षा ८ को विज्ञान विषय र हाम्रो देवचुली स्थानीय पाठ्यक्रमको विषयमा प्रश्नपत्रको गोपनियता भङ्ग भएको भन्ने विषयमा सीमित रहनु पर्ने

ख) घटनामा संलग्न व्यक्ति र विद्यालयका सम्पूर्ण पक्षसँग छलफल गर्नका लागि समयको अभाव

ग) हामीले प्राथमिक तथ्यका बारेमा संकलित कागजातहरूमा मात्रै भर पर्नु परेको

घ) सामाजिक सञ्जालमा लेखिएका सबै विषयहरूमा केन्द्रीत हुन नसकिएको

ङ) सामाजिक सञ्जालमा आएका भिडियोका बारेमा सत्यता जाँच गर्ने अवस्था नरहेको



Scanned with CamScanner

## परिच्छेद-३
## कानुनी व्यवस्था

### ३.१. विद्यमान कानूनी व्यवस्थाहरू:

विद्यमान कानूनी व्यवस्थाहरूका सन्दर्भमा चर्चा गर्दा नेपालको संविधान, २०७२ को धारा २१४ मा वर्णित स्थानीय तहको कार्यकारिणी अधिकार अन्तरगत अनुसूचि-८ मा उल्लिखित अधिकार अन्तरगतका विषयमा नेपालको संविधान, २०७२ को धारा २२६ अनुसार कानून बनाई लागु गर्न सक्ने अधिकार रहको छ । नेपाल सरकारले संवैधानिक व्यवस्था अनुसार निम्न बमोजिमका कानूनहरू निर्माण गरेको पाईन्छ ।

### ३.१.१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा पालिकाहरूको क्षेत्राधिकार, काम, कर्तव्य र अधिकारका बारेमा व्यवस्था गरिएको छ । स्थानीय सरकारको व्यवस्थापकीय अधिकार अन्तरगत कानूनको निर्माण गरी आवश्यक व्यवस्था गर्न सकिने प्रावधानलाई यस ऐनले अख्तियारी प्रदान गरेको छ । यस ऐनको दफा ११(ज)(१४) मा आधारभूत तहको परीक्षा सञ्चालन अनुगमन र व्यवस्थापन गर्ने भन्ने कानूनी व्यवस्था रहेको ।

### ३.१.१. नगर शिक्षा ऐन, २०७६

यस ऐनको निम्न दफाहरूमा निम्न बमोजिम व्यवस्था रहेको छः

क) दफा २२ मा नगर शिक्षा अधिकारीको व्यवस्थाः नगर शिक्षा अधिकारीले ...विद्यालय सुधारका लागि आवश्यक काम गर्ने (दफा २२ ज )

ख) कार्य सम्पादनका आधारमा ... पुरस्कार तथा दण्डका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने (दफा २२ ह )



Scanned with CamScanner

ग) विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः विद्यालयको श्रोतबाट राखिएका शिक्षकको हकमा आवश्यक कारवाही गर्न सक्ने३१(१)(च)...आफूलाई कारवाही गर्ने अधिकार नभएको विषयमा राय र सुझाव सहित आवश्यक कारवाहिका लागि शिक्षा शाखामा सिफारिस गर्ने (दफा ३१(१)(झ)

घ) परीक्षा सञ्चालन र समन्वय समिति(दफा ३४):- परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधी सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ (उपदफा २)

ङ) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ (उपदफा ४)

च) प्रधानाध्यापकको काम कर्तव्य र अधिकार अन्तरगत दफा ५१(ढ) मा ...शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने...व्यवस्था रहेको

### ३.१.२. आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धि मापदण्ड, २०७६:-

**नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड** (ज) को उपखण्ड (१४) बमोजिम स्थानीय तहबाट सञ्चालन तथा व्यवस्थापन हुने आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षाको स्तरीयता प्रमाणीकरण र समकक्षतामा मुलुकभर एकरूपमा कायम गर्न माननीय मन्त्रीस्तरबाट मिति २०७६।११।२१ मा स्वीकृत भएको आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड २०७६ को दफा ४(छ) मा **परीक्षाको मर्यादा विपरित काम गर्ने शिक्षक कर्मचारी तथा अन्य संलग्न व्यक्तिलाई आवश्यक कारवाहीका लागि लेखी पठाउने व्यवस्था रहेको**



Scanned with CamScanner

### ३.१.३. शिक्षा ऐन, २०२८

क) दफा ११.ज. गाउँ शिक्षा र नगर शिक्षा समिति सम्बन्धि व्यवस्था

ख) दफा १७(१क) मा कसैले देहायका कुनै काम गरेमा गर्न लगाएमा वा गर्न सहयोग पुर्याएमा...६ महिना सम्म कैद वा एकलाख रूपैयासम्म जरिवाना वा दुवै सजाय हुन सक्ने छ । ति कार्यहरूमा (क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा



Scanned with CamScanner

# परिच्छेद-४

# निष्कर्ष र सुझाव

## ४.१. निष्कर्षः-

माथि गरिएको विश्लेषण अनुसार यस समितिलाई प्राप्त देवचुली शिक्षा शाखाका पत्रहरू र सो आधारमा सम्बन्धित व्यक्तिहरू समक्ष प्रत्यक्ष भेटघाट गरी भएका कुराकानी समेतका आधारमा भीमसेन आदर्श माध्यामिक विद्यालयमा भएको कक्षा ८ को प्रश्नपत्र वाहिरिएको भन्ने घटनाका सन्दर्भमा यो समिति निम्न निष्कर्षमा पुगेको छः

क) नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७६ अनुसार स्थानीय सरकारलाई व्यवस्थापकीय अधिकार रहेको र संविधानको अनुसूचि ८ मा उल्लिखित विषयहरूमा आवश्यक कानून बनाउन सक्ने पूर्ण अधिकार रहेको

ख) भीमसेन आदर्श माध्यामिक विद्यालयमा आधारभूत तहको परीक्षा केन्द्र तोकिएको र उक्त केन्द्रको केन्द्राध्यक्षमा अग्नि भुसाल रहनु भएको

ग) मिति २०८२।१२।०८ गतेदेखी शुरू भएको आधारभूत तहको परीक्षामा पहिलो दिनमा केन्द्राध्यक्षको हैसियतमा अग्निधर भुसालले काम गर्नु भएको

घ) त्यसपछि लगातार ५ दिन अर्थात चैत्र १० देखि १४ गते तालिमका लागि जिल्ला बाहिर जानु भएको

ङ) तालिमका लागि जाँदा आफूलाई दिईएको केन्द्राध्यक्षको जिम्मेवारी सोही विद्यालयका महेन्द्र वि.क. लाई दिईएको कागजातबाट देखिएको

च) विज्ञान विषयको परीक्षाका दिन भीमसेन आदर्श माध्यामिक विद्यालयमा परीक्षा केन्द्रको जिम्मेवारीमा रहनु भएका महेन्द्र वि.क. ले परीक्षा शुरू हुनुभन्दा अगाडि अन्य शिक्षकहरूको रोहवरमा मुचुल्का बनाई प्रश्नपत्र खोलिसकेपछि आफूले फोटो खिची सोही विद्यालयका विज्ञान विषयका शिक्षकलाई सोही



Scanned with CamScanner

विद्यालयका विद्यार्थीको परीक्षा केन्द्र रहेको पृथ्वी मा.वि.मा जानु अगाडिनै मोवाईल मार्फत पठाउनु भएको

छ) भीमसेन आदर्श माध्यामिक विद्यालयका विज्ञान विषयका शिक्षकहरू प्रदिप कुमार राई अनिल पराजुली र दिपक भट्टराईले महेन्द्र वि.क.ले पठाएको प्रश्नपत्रलाई सोही विद्यालयका कक्षा ८ का विद्यार्थीलाई छोटो समय भएपनि प्रश्नपत्रको आधारमा सिकाएको कुरामा स्विकार गर्नु भएको

ज) माथिका तथ्यहरू सि.सि.टि.भि.को फुटेज र सम्वन्धित व्यक्तिहरूको भनाईबाट समेत पुष्टि भएको

झ) नेपाल माध्यामिक विद्यालयबाट हाम्रो देवचुली नामको स्थानीय पाठ्यक्रमको प्रश्नपत्र सोही विद्यालयका लाईब्रेरीमा कार्यरत कर्मचारी सोनी भट्टराई न्यौपानेले अर्को विद्यालमा अध्ययन गर्ने आफ्नो भाईलाई दिएको कुरा प्रष्ट भएको

ञ) निज सोनी भट्टराई न्यौपानेले आफूले बार्षिक परीक्षाको प्रश्नपत्र हो भन्ने कुरा थाहा नभएको र प्रश्नपत्रको ढाँचा मात्रै होला भनेर एकप्रति प्रिन्ट गरेर लिएर गएको स्वीकार गर्नु भएको

ट) नेपाल माध्यामिक विद्यालयका प्रधानाध्यापकले हाम्रो देवचुली नामको स्थानीय पाठ्यक्रमको प्रश्नपत्र आफूले तयार गरेको मसौदा प्रिन्ट गरी हेर्नका लागि विद्यालयको ईमेलमा पठाएको र एकजना शिक्षकले प्रिन्ट गरी लिएर आउनु भएको पछि उक्त प्रश्नपत्रमा थपघट गरी अर्को तयार गरेको भनि बताउनु भएकोमा उक्त पहिलो र दोश्रो प्रश्नपत्र हेर्दा २ वटा प्रश्नहरू फरक परेको पाईएको

ठ) नेपाल माध्यामिक विद्यालयबाट उक्त ईमेल हाल डिलिट गरि सकिएको पाईएको,

ड) नेपाल माध्यामिक विद्यालयबाट बाहिरिएको भनिएको हाम्रो देवचुलीको स्थानीय पाठ्यक्रमको प्रश्नपत्रको बारेमा परीक्षा सकिएपछि निज कर्मचारीका भाईबाट



Scanned with CamScanner

लैजाने अर्का विद्यार्थीका माध्यामबाट मात्रै जानकारी भएको हुँदा परीक्षा अगाडि सो सम्बन्धमा बाहिरिई अन्य विद्यार्थीहरूमा समेत पुगेको फेला पार्न नसकिएको,

ढ) शिक्षकहरुबाट प्रश्नपत्र बाहिरिनुमा त्रुटी गरेको र छोटो समयमा विद्यार्थीलाई सिकाएको पाइएता पनि कुनै आर्थिक लेनदेन गरिएको र सो सम्वन्धमा अन्यत्र कतै संवाद भएको नपाइएको।

यी माथि उल्लिखित प्राप्त तथ्यका आधारमा विद्यमान निम्न बमोजिम गर्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ:

क) भीमसेन आदर्श माध्यामिक विद्यालयका प्रधानाध्यापक अग्निधर भुसालले शिक्षा शाखाबाट कुनैपनि अनुमती नलिई आधारभूत तहको परीक्षाको केन्द्राध्यक्ष जस्तो जिम्मेवारी तालुक निकायबाट अनुमति नलिई आफैले महेन्द्र वि.क.लाई अख्तियारी दिई विद्यालय छाडी तालिममा जानु भएको हुँदा आफ्नो पदीय जिम्मेवारी प्रति संवेदनशील हुनुपर्ने

ख) भीमसेन आदर्श माध्यामिक विद्यालयका शिक्षक महेन्द्र वि.क. ले आधारभूत तहको परीक्षाको कक्षा ८ को प्रश्नपत्र परीक्षा शुरू हुनुभन्दा १५ मिनेट अगाडि विधिपूर्वक मुचुल्का खडा गरी खोलेको भएतापनि आफू कार्यरत विद्यालका शिक्षकलाई पठाई प्रश्नपत्रको गोपनियता भङ्ग गरेकोमा विवाद नरहेको

ग) भीमसेन आदर्श माध्यामिक विद्यालयका अन्य शिक्षकहरू प्रदिप कुमार राई अनिल पराजुली र दिपक भट्टाराईले आफूले प्रश्नपत्र पाएपनि बाहिर कतै नलगेको र विद्यार्थी समक्ष केही प्रश्नका बारेमा छलफल गरेको स्वीकार गरेको हुँदा निजहरूले समेत परीक्षाको मर्यादा विपरित कार्य गरेको देखिएको

घ) नेपाल मा.वि. बाट हाम्रो देवचुली नामक स्थानीय पाठ्यक्रमको प्रश्नपत्र बाहिरिएको भन्ने स्थापित भएपनि प्रधानाध्यापक र शिक्षकहरूको कुनैपनि मनसाय नदेखिएको तर प्रश्नपत्रको गोपनियता कायम राख्ने सन्दर्भमा संवेदनशील भएको नपाईएको



Scanned with CamScanner

ङ) नेपाल मा.वि. का कर्मचारी सोनी भट्टराई न्यौपानेले विद्यालयमा रहेका प्रश्नपत्रहरूलाई मसौदाको रूपमा बाहिर लिएर गएको स्विकार गरेको र आफ्नो भाईलाई मात्रै दिएको र सो प्रश्नपत्र परीक्षा अगाडि बाहिरिएको भन्ने कहिँकतैबाट पुष्टि गर्न सक्ने आधार प्रमाण प्राप्त गर्न नसकिएको हुँदा यस बारेमा नगर शिक्षा समितिबाट थप अनुसन्धान गरी यस्तो कार्यमा रोक लगाउने गरी सिफारिस गरिनुपर्ने

यसरी माथि उल्लिखित तथ्य प्रमाणका आधारमा देखिएको गल्तीहरूलाई सम्बोधन गर्ने कानूनी व्यवस्थाहरूको सन्दर्भमा अध्ययन गर्दा नेपालको संविधान २०७२ मा तीन तहको सरकार रहेको र धारा २२६ अनुसार स्थानीय सरकारको रूपमा रहेको देवचुली नगरपालिकाको नगरसभाबाट शिक्षा ऐन २०७६ बनाई लागु भएको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा **११ को उपदफा २ को खण्ड** (ज) को उपखण्ड (१४) बमोजिम स्थानीय तहबाट सञ्चालन तथा व्यवस्थापन हुने आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षाको स्तरीयता प्रमाणीकरण र समकक्षतामा मुलुकभर एकरूपमा कायम गर्न नेपाल सरकारको माननीय मन्त्रीस्तरबाट मिति २०७६।११।२१ मा स्वीकृत भएको आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड २०७६ समेत लागु भई सकेको अवस्थामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ विशेष कानूनको रूपमा रहेको र आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड २०७६ ले सम्पूर्ण अधिकार स्थानीय तहलाई नै दिएको हुँदा देवचुली नगरपालिकाले निर्माण गरेको कानूनका आधारमा माथि उल्लिखित घटनामा संलग्न व्यक्तिहरूलाई आवश्यक कारवाहीको दायरामा ल्याई जवाफदेही बनाउनु पर्ने देखिन्छ ।यसरी हेर्दा निम्न व्यक्तिहरूलाई निम्न बमोजिम गर्नका लागि सिफारिस समेत गरिन्छः

क) प्रधानाध्यापक अग्नि भुसालको हकमा निजले पदीय जिम्मेवारी समुचित तरिकाबाट वहन नगरी नगर शिक्षा समितिलाई थाहा जानकारी समेत नदिई परीक्षा चलेको समयमा तालिममा सहभागी हुन जानु भएको हुँदा नगर शिक्षा अधिकारीले नगर शिक्षा ऐन २०७६ को दफा २२(ह) अनुरूप दण्डका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने

ख) शिक्षक महेन्द्र वि.क. ले प्रश्नपत्रको गोपनियता भङ्ग गरेको स्थापित भएको र संघीय सरकारले शिक्षा ऐन २०२८ अनुसार आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड २०७६ बनाई लागू समेत गरेको हुँदा सोही मापदण्डको दफा ४(छ) अनुसार परीक्षाको मर्यादा विपरित काम गर्ने शिक्षक कर्मचारी तथा अन्य संलग्न व्यक्तिलाई आवश्यक कारवाहीका लागि आधारभूत तहको परीक्षाका लागि निर्माण गरिएको समितिले अध्ययन गरी आवश्यक कारवाहीका लागि नगर शिक्षा समिति समक्ष लेखी पठाउने

ग) शिक्षकहरू प्रदिप कुमार राई अनिल पराजुली र दिपक भट्टराईको हकमा निजहरू नीजि श्रोतबाट तलब खाने शिक्षक भएको हुँदा नगर शिक्षा ऐन २०७६ को ३१(१)(च) अनुसार विद्यालयको श्रोतबाट राखिएका शिक्षक भएको हुँदा निजहरूको हकमा आवश्यक कारवाही गर्न सक्ने भएकोले विद्यालय व्यवस्थापन समितिले आवश्यक कारवाही गर्ने

घ) नेपाल माध्यामिक विद्यालयका प्रधानाध्यापकले प्रश्नपत्रको मसौदा तयार गरी ईमेलमा पठाएको कारण प्रश्नपत्र बाहिरिएको भएपनि त्यसले प्रत्यक्ष लाभ लिएको र मनसायपूर्वक प्रश्नपत्र बाहिर्याएको भन्ने स्थापित हुन नसकेको हुँदा अब उप्रान्त प्रश्नपत्रको गोपनियता भङ्ग नहुने गरी कार्य गर्नका लागि नगर शिक्षा समितिले सचेत गराउनु पर्ने

ङ) नेपाल मा.वि. मा कार्यरत सोनी भट्टराई न्यौपाने विद्यालयको नीजि श्रोतबाट तलब खाने कर्मचारी भएको हुँदा नगर शिक्षा ऐन २०७६ को ३१(१)(च)



Scanned with CamScanner

अनुसार विद्यालयको श्रोतबाट राखिएका कर्मचारीको हकमा आवश्यक कारवाही गर्न सक्ने भएकोले विद्यालय व्यवस्थापन समितिलाई आवश्यक कारवाही गर्न नगर शिक्षा समितिले निर्देशन दिनुपर्ने

### ४.१.१. नगर शिक्षा समितिलाई राय सहितको सुझावः

क) नेपालको संविधान २०७२ को धारा २२६ अनुसार स्थानीय सरकारले नगर शिक्षा ऐन २०७६ निर्माण गरी लागु गरिसकेको छ । तर सोही ऐनको दफा ३४ अनुसार परीक्षा सञ्चालन सम्बन्धि कार्यविधी निर्माण गरेको नहुँदा तत्काल गरिनुपर्ने

ख) आधारभूत तहको परीक्षाका लागि आवश्यक मापदण्ड बनाउनु पर्ने व्यवस्था नगर शिक्षा ऐन २०७६ मा भएपनि हालसम्म बनेको नपाईएको हुँदा सो बनाउनका लागि कार्यपालिकालाई अनुरोध गर्ने

ग) नगर शिक्षा ऐन २०७६ मा व्यवस्था गरिएको नगर शिक्षा अधिकारीको जिम्मेवारी शिक्षा शाखाका प्रमुखलाई तोक्नुपर्ने

### ४.१.२. नगर शिक्षा शाखालाई राय सहितको सुझाव

क) नगर शिक्षा ऐन २०७६ मा उल्लेख गरेका विभिन्न मापदण्ड कार्यविधिहरू तत्काल निर्माणका लागि पहल गर्ने

ख) विद्यालय व्यवस्थापन समितिहरूको काम कर्तव्य र अधिकारको प्रयोग भएनभएको सम्बन्धमा अनुगमन गरी सो को प्रतिवेदन सहितको सुझाव नगर शिक्षा समितिमा पेश गर्ने

### ४.१.३. नगर कार्यपालिकालाई राय सहितको सुझाव

क) नगर शिक्षा ऐन २०७६ अनुसार बनाउनुपर्ने मापदण्ड निर्देशिकाहरू तयार गर्दा स्थानीय सरकारले व्यवस्थापकीय अधिकारको प्रयोग गरी कानूनको



Scanned with CamScanner

उल्लङ्घन गर्ने शिक्षक वा कर्मचारीलाई आवश्यक कारवाही गर्ने वा कारवाहीका लागि सिफारिस गर्नसक्ने कानूनी व्यवस्था गर्ने।



Scanned with CamScanner

# परिच्छेद-५

## सुझाव कार्यान्वयनका लागि कार्ययोजना

माथि उल्लिखित कार्यहरू आगामी २०८३ को असार मसान्त अगाडि सम्पन्न गरिने नगरसभाबाट सम्पन्न हुने गरी अगाडि बढाउनका शिक्षा शाखा प्रमुखको संयोजकत्वमा समितिको निर्माण गरी आवश्यक कानून निर्माणको कार्य अविलम्ब अगाडि बढाउनुपर्ने देखिन्छ ।



Scanned with CamScanner

अनुसूचि १




भीमसेन आदर्श मा.वि.मा शिक्षक महेन्द्र वि.क.ले ७:३४ मै प्रश्नपत्र खोल्दै गर्दाको फुटेजहरु






Scanned with CamScanner




भीमसेन आदर्श मा.वि.मा शिक्षक महेन्द्र वि.क.ले ७:३४ मै प्रश्नपत्र खोल्दै गर्दाको फुटेजहरु






Scanned with CamScanner

**भीमसेन आदर्श मा.वि.मा शिक्षक महेन्द्र वि.क.ले ७:३४ मै प्रश्नपत्र खोल्दै गर्दाको फुटेजहरु**



अनुसूचि २

**भीमसेन आदर्श मा.वि.मा विद्यार्थीहरु सम्बन्धीत परिक्षा केन्द्रमा ०८:०४ मा मात्र प्रवेश गर्दाको**









Scanned with CamScanner